## १) पृष्ठभूमीः

स्थानीय तहको सफल निर्वाचन पश्चात इटहरी उप-महानगरपालिकाले जनप्रतिनिधीहरुको वहाली पश्चात संघीयताको कार्यान्वयनको लागि जनताका आवश्यकता र विकासको चाहनालाई सम्वोधन गर्न इटहरी उप-महानगरपालिका क्रियाशील रहदै आएको छ । यसै अवधिमा पुर्वी नेपाल नै भिषण बर्षात र बाढीबाट प्रभावित रहयो । यस क्षेत्रमा बाढीवाट व्यक्ति तथा परिवार तथा वस्ती प्रभावित भयो । यस्तो अवस्थामा प्रभावित व्यक्ति तथा परिवारलाई तत्काल राहत वितरण, सडकहरुको मर्मत सम्भार तथा स्तरोउन्नती गर्ने कार्य गर्दै सडक वत्तीको व्यवस्था गर्न अत्यावश्यक भएको अवस्थामा, नेपालीहरुको महान चार्ड दशै, तिहार तथा छठलाई समेत मध्येनजर गरी यस उप-महानगरपालिकाले वडाका विभिन्न स्थानमासडक बत्ती उपलब्ध गराउन मिति २०७४ असोज ८ गते निर्णय गरिएको । साथै विभिन्न वडामा विजुलीबत्तीको ट्ड्कारो आवश्यकता रहेकोले विभिन्न वडाहरुबाट समेत सडक बत्ती, बत्तीको सेटहरुको माग यस नगरकार्यपालिकाको कार्यालयमा भई आए अनुरुप उक्त सामाग्रीहरुको आपुर्ति इटहरी उप-महानगरपालिकाको कार्यलयद्धारा गरियो । उक्त CFL बल्ब र सो को सेटको खरिद तथा भुक्तानीमा अनियमितता भएको बिषयलाई लिएर विभिन्न संचार माध्यमहरुबाट लगातार समाचार तथा सूचनाहरु प्रकाशन भएको र सो विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परि छानविनको क्रममा रहेकोले यस नगरपालिकाको गम्भीर ध्यानाकर्षण भई सो सम्बन्धमा तथ्य सत्य बुझीप्रतिवेदन पेश गन नगरकार्यपालिकाको बैठकले मिति २०७४।८।८ को वैठकवाट ७ सदस्यीय छानविन समितिको गठन गरेको हो । यो समितिले नगरकार्यपालिकाद्धारा प्राप्त अधिकार तथा जिम्मेवारी वमोजिम आवश्यक कागजपत्र तथा प्रमाणहरु सरोकारवाला व्यक्ति, संघ तथा फर्महरुसँग समेत बुझी सो सम्वन्धमा विस्तृत अध्ययन एवम् छानविन गरि राय सुझाव सहितको प्रतिवेदन पेश गरेको छ ।

## २) उदेश्य

CFL बल्ब खरिद तथा भुक्तानी प्रकृयामा उठेको विभिन्न प्रश्न र आंशका उपर सत्य तथ्य अध्ययन गरी राय सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।

## ३) अध्ययनको त्रममा गरिएका कार्यहरुः

१. अघिल्लो बर्षको र यो बर्षको CFL बल्ब खरिद प्रकृयाका सम्पुर्ण कागजपत्रको अध्ययन ।

२. सरोकारवालाहरुसँग सोधपुछ तथा छलफल

३. विद्यमान ऐन, नियम तथा कानुनहरुको अध्ययन

४. उद्योग बाणिज्य संघबाट प्राप्तमुल्य सुचीको अध्ययन

५. जिल्ला दररेट समितिवाट प्राप्त मूल्य सूचि तथा दररेटको अध्ययन

## ४) देखिएका तथ्यहरु

मथि उल्लेखित विषयका सन्दर्भमा विस्तृत अध्ययन तथा छानवीन गर्दा देहायका तथ्यहरु देखिएका छन् ।

१. आ.ब. ०७४।०७५ को लागि CFL बल्ब तथा सेट खरिदका लागि मिति २०७४।६।११ मा टेण्डरका लागि सूचना जारी गरिएकोमा र मिति २०७४।५।२७ देखि २०७४।७।८ सम्म कोटेशन प्रकृया मार्फत बल्ब खरिद गरिएको ।

२. यस आ.ब. ०७४।०७५ को CFLबल्बखरिद प्रकृयाकालागि दररेट मुल्यांकन तथा खरिद समिति नबनाई कोटेशन प्रकृया मार्फत सामान खरिद, भण्डारण र भुक्तानी गरिएको ।

३. एकै दिन एक भन्दा बढी कोटेशनको टिप्पणी स्वीकृत भएको ।

४. यस आर्थिक बर्षको (२०७४।०७५)कोटेसन खरिद प्रकृयालाई गत आ.ब. ०७३।०७४ मा पर्न आएको र स्वीकृत टेण्डर मुल्यलाई नै यस आ.ब. को कोटेसन खरिदको लागि दररेट मानिएको ।

५. यसरी सडक वत्ति खरिद तथा भुक्तानी गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली प्रतिकुल हुने गरि खरिद तथा भुक्तानी गरिएको । सार्वजनिक खरिद ऐनको व्यवस्थाअनुसार एक पटकमा रु.५ लाखभन्दा बढीको सामाग्री खरिद गर्दा टेण्डर प्रकृयामा जानु पर्नेमा सो प्रकृया नअपनाई विभिन्न मितिमा विभिन्न कोटेशन मार्फत खरिद गरिएको ।

६. वडा कार्यालयहरुको सिफारिस पत्रहरुबाट बत्तीहरुको माग भई आएको र सो अनुसार वितरण गरिएको ।

७. टोल विकास संस्थाहरुको लेटरप्याडबाट समेत बत्ति माग भई आएको र वितरण गरिएको ।

८. व्यक्तिगत रुपमा समेत सोझै मागफारमहरु मार्फत बत्तिहरु माग भई बुझिएको ।

९. प्राविधिक प्रतिवेदनहरु केही मागपत्रहरुमा मात्रउल्लेख भएको ।

१०. विभिन्न फर्महरुले पेश गरेको कोटेशन रेट, विल तथा भुक्तानी विवरण, वडाहरुबाट मागभई आएका र आपुर्ति गरिएका सामाग्रीहरुको विवरण, उद्योग बाणिज्य ,संघले पेश गरेको दररेट, लगायतका अन्य विवरणहरु अनुसुचीमा राखिएको छ ।

**५) निष्कर्ष एवम् सिफारीस :**

१. सार्वजनिक खरिद ऐन २०६३ परिच्छेद-५ को दफा ४१ तथा सार्वजनिक खरिद नियमाावलीको नियम ८५ को उपदफा ४ बमोजिम निर्माण कार्य वा सेवा खरिद गर्दा रु. ५ लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य मालसामान वा सेवा खरिद गर्दा नियम ८५ को उपदफा (४) को अधिन रहि खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा, सो अनुसार खरिद नभएको देखिन्छ ।

२. यस उप-महानगरपालिकाबाट नगरका विभिन्न वडाहरुमा स्थानीय उपभोक्ता र वडा कार्यालयको सिफारीस अनुसार सडक बत्ती तथा सो को सेट खरिद गर्दा पटक पटक कोटेशन मार्फत खरिद गरी रु. ९७३०२३५।५१ ( सन्तानब्बे लाख तिस हजार दुई सय पैंतिस एकाउन्न पैसा ) को सडकबत्ती खरिद गरि वितरण गरेको पाईयो ।

३. एकै प्रकृतिका सडकबत्ती एवं सो को जडानमा प्रयोग हुने विद्युतिय अन्य सामाग्रीहरु खरिदगर्दा रु. ५ लाख सम्मको सामाग्रीहरु एक आर्थिक बर्षमा एउटा फर्मबाट एक पटक मात्र खरिद गर्न सकिने व्यवस्था भएकोमा सो मूल्यभन्दा बढीको सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ एवं नियमावली बमोजिम शिलबन्दी टेण्डर आव्हान गरी खरिद गर्नु पर्नेमा, सो बमोजिम भएको नपाईएको ।

४. गत मनसुनको समयमा यस इटहरी उपमहानगरपालिकाका विभिन्न स्थान बाढीवाट प्रभावित भई नागरिकको दैनिकी समेत प्रभावित रहेको अवस्थामा एवम् नेपालीहरुको महत्वपुर्ण चाडवाड दशै, तिहार, छठ पर्वको अवसरमा स्थानीय उपभोक्ताहरुको मागलाई समेत दृष्टिगत गरि अत्यावश्यक रुपमा गर्नु पर्ने कार्यको विशेष अवस्थामा प्रचलित कानुन बमोजिम टेण्डर आव्हान गरी खरिद बन्दोबस्ती गरी सडक वत्तीको वितरण गर्न समय अभाव भएको परिस्थितीमा कार्यपालिकाको बैठकबाट आवश्यक निर्णय गरी कार्य गर्नु पर्नेमा, सो अनुसार समेत हुन सकेको देखिदैन ।

५. छानविन तथा अध्ययनको कममा सम्बन्धित वडाका जनप्रतिनिधीहरु एवं स्थानीय उपभोक्ता सँग बुझ्दा केही स्थान/पोलहरुमा जडान गरिएका सडक बत्तीहरु र सो सँग सम्बन्धित अन्य विद्युतीय जडानका सामाग्रीहरु तोकिएको मापदण्ड, क्षमता र गुणस्तर बमोजिम नभएको भन्ने प्रतिक्रिया पाईएको छ ।

६. माथि प्रतिवेदनमा उल्लेख भए बमोजिम यस इटहरी उप-महानगरपालिकाबाट आ.ब. २०७४।०७५ को पहिलो चौमासिक (श्रावण देखि कार्तिक सम्म) विभिन्न मितिमा कोटेशनमार्फत विभिन्न फर्महरुबाट खरिद गरी वितरण गरिएका सडकबत्ती र सो सँग सम्बन्धित विद्युतिय जडानका सामाग्रीहरुको मुल्य बजार मुल्यभन्दा अत्याधिक महँगोमा खरिद गरी भुक्तानी गरिएको भन्ने बिषयमा यस समितिबाट विस्तृत छानविन एवं अध्ययनको कममा देहायको अवस्था देखियो ।

(क) आ.ब. ०७४।०७५ मा विभिन्न कोटेशनमार्फत बजारबाट खरिद गरिएका सडकबत्ती ( CFLबल्ब) र सो सँग सम्बन्धित जडानका लागि प्रयोग हुने अन्य विद्युतीय सामाग्रीहरुको बिषयमा यस छानविन समितिले स्थलगत अध्ययन एवं सोधपुछको कममा विभिन्न फर्म, कम्पनी र व्यापारी सँग बुझ्दा फरक फरक दररेट पाइएको छ । उल्लेखित तथ्य तथा प्रमाणहरुको अध्ययनवाट यस उपमहानगरपालिकाले आ.ब. २०७४।०७५ मा खरिद गरेका CFL वल्व तथा सो का केही उपकरणहरु खरिद गरि वितरण गर्दा सामान्यतय औषतमा १५ देखि २० प्रतिशतको हाराहारीमा महंगोमा खरिद गरि भुक्तानी गरेको देखिन्छ ।

(ख) गत आ.व. ०७३।७४ को स्वीकृत टेण्डरको दर रेट र विभिन्न फर्महरुबाट प्राप्त कोटेशनको दररेट र उप-महानगरपालिकाबाट स्वीकृत २०७४।०७५ को कोटेशनको दररेटलाई तुलनात्मक अध्ययन गर्दा सामान्यता औषतमा २ देखि ३ प्रतिशतले बढी रहेको देखिन्छ ।

(सम्पुर्ण दररेट अनुसुचीमा समावेश गरिएको छ । )

माथि प्रतिवेदनमा उल्लेख भएअनुसार यस इटहरी उप-महानगरपालिकाबाट चालु आ.ब. २०७४।०७५ को पहिलो चौमासिक अवधिमा सडकबत्ती वितरण कार्यक्रमअन्तरगत यस उप-महानगरपालिकाका २० वटा वडाहरुका विभिन्न स्थान र सडकका पोलहरुमा सडकबत्ती (CFLबल्ब) जडान गरेको र सो कार्य गर्दा सार्वजनिक खरिद ऐन २०६३ एवं सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सोझै खरिद गर्दाको अवस्थामा तोकिएको रकमको सिमाभन्दा बढी रकमको पटक पटक कोटेशनमार्फत् खरिद गरिएको देखिएकाले प्रचलितकानुन बमोजिम मात्र खरिद गर्न/गराउन आवश्यक देखिएकोले सो अनुसार कार्य गर्न सुझाव सहित सिफारीस गरिन्छ।

संयोजक: श्री दिपक गौतम ( कार्यपालिका सदस्य )

सदस्य: श्री भगवानलाल चौधरी ( कार्यपालिका सदस्य )

सदस्य: श्री चन्द्र प्रसाद भट्टराई ( कार्यपालिका सदस्य )

सदस्य: श्री रमेश चौधरी ( कार्यपालिका सदस्य )

सदस्य: श्री गणेश खत्री ( लेखा समिती सदस्य )

सदस्य: श्रीमती ईन्दिरा राई ( लेखा समिती सदस्य )

सदस्य सचिव: श्री सञ्जय अधिकारी ( प्रशासकीय अधिकृत इटहरी उप.म.न.पा )

विभिन्न वाटका सि.एफ.एल. बल्ब र सेटहरूको दररेट/मुल्यका तुलनात्मक विवरणहरू

| | गत आ.ब. ०७३।०७४ को जिल्ला दररेट तथा उ.बा.संघ को दररेट मुल्य रू. | गत आ.ब. ०७३।०७४ को स्वीकृत टेण्डर दररेट मुल्य रू. | आ.ब. ०७४।०७५ को स्वीकृत कोटेशनको दररेट तथा मुल्य रू. (*) | आ.ब. ०७४।०७५ मा भुक्तानी गरिएको बास्तविक मुल्य रू. |
|---|---|---|---|---|
| ८५ वाट सि.एफ.एल सेट | ५७५९।१९ | ५७१३।८१ | ५७१३।८१ | ५००८। |
| ८५ वाट सि.एफ.एल बल्ब | १८००। | १८००। | १८००। | १८००। |
| ६५ वाट सि.एफ.एल सेट | ५०८१।२७ | ४९६८।०१ | ४९६८।०१ | ४३७५। |
| ६५ वाट सि.एफ.एल बल्ब | १३५०। | १३४०। | १३४०। | १३५०। |
| ३५ वाट सि.एफ.एल सेट | ३६६८।७७ | ३५६६।८१ | ३५६६।८१ | ३१४५। |
| ३५ वाट सि.एफ.एल बल्ब | ६००। | ५७५। | ५७५। | ५६५। |

* गत आ.ब. ०७३।०७४ को स्वीकृत टेण्डर दररेट मुल्य नै यस आ.ब. ०७४।०७५ को स्वीकृत कोटेशनको दररेट तथा मुल्य मानिएकाले रकम मुल्य बराबर भएको ।